**सर्पको टोकाइबाट बचौं**

- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुल प्रयोग गरौं,
- सुत्ने बेला ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्च लाइट प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ २७ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 September 13 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६

## प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा बिरामीहरूको भीड

प्रस, वीरगंज, २६ भदौ/

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय वीरगंजले सेवा विस्तार गरेपछि बिरामीको चाप बढेको छ । उपचार पद्धतिमा सबैभन्दा पुरानो आयुर्वेदको छुट्टै इतिहास छ ।




प्रादेशिक आर्युवेद तथा वैकल्पिक चिकित्सालय वीरगंजमा आधुनिक प्रयोगशाला । तस्वीरः प्रतीक

वीरगंजस्थित प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा अहिले जनशक्ति कम भएपनि कर्मचारीको इच्छाशक्तिले सेवा विस्तार गरी सेवा दिन थालेपछि बिरामीको चाप बढ्न थालेको छ ।

यसभन्दा अघि सो चिकित्सालयमा बिरामीहरू निकै कम आउने गर्थे र कर्मचारीहरू दिनभरि घुमेर दिन बिताउने गर्थे तर अहिले त्यहाँ बिरामीको चाप बढेपछि कर्मचारीहरूलाई भ्याइनभ्याइ भएको छ ।

प्रदेश सरकार मातहत रहेको आयुर्वेद चिकित्सालयमा अहिले पक्षघातका थुप्रै बिरामीको उपचार गरी निको भएर घर फर्काइएको अस्पतालका एकजना कर्मचारीले बताए ।

अग्निकर्मद्वारा बवासिर, भगन्दर मलद्वारको उपचार शुरू भएको र विनाझन्झट सस्तो उपचार गरेर निको भएपछि बिरामीहरूको सङ्ख्या बढेको कार्यालय प्रमुख डा शिवनारायणप्रसाद गुप्ताले जानकारी दिए ।

सो चिकित्सालयमा एउटा आधुनिक ल्याब सञ्चालनमा रहेको तथा बजारभन्दा १० गुना कम दररेटमा सेवा दिइरहेको डा गुप्ताले बताए । मधेस प्रदेश सरकारले दररेट तोकेपछि सबै पालिकामा पनि ल्याब सञ्चालनमा रहेको डा गुप्ताले बताए ।

आयुर्वेद चिकित्सालयमा अग्निकर्म, सिराबोध, जलौकावचरण, विधिकर्म, सूची विधि, कपीग, पञ्चकर्म अन्तर्गतका पूर्वकर्म, क्षारसूत्र, क्षारकर्म पद्धतिबाट उपचार भइरहेको डा गुप्ताले बताए ।

विभिन्न ठाउँबाट उपचार गराएर निको नभएका बिरामीहरूको यहाँ विभिन्न उपचार पद्धतिबाट उपचार गरी निको हुने गरेको डा गुप्ताले दाबी गरे । अहिले दैनिक ५०–६० जना ओपिडीमा आउने गरेका, ३/४ वटा शल्यक्रिया हुने तथा पक्षघातका १० देखि १५ जनाको थेरापी तथा दुखाइका रोगीहरू आउने गरेका डा गुप्ताको भनाइ छ ।

## राज्यले महिलालाई ५१ प्रतिशत अधिकार दिनुपर्छ

### - सांसद डा तोसिमा कार्की

प्रस, परवानीपुर, २६ भदौ/

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद डा तोसिमा कार्कीले राज्यले महिलालाई ३३ प्रतिशत अधिकार दिनुको सट्टा ५१ प्रतिशत अधिकार दिनुपर्ने बताएकी छन् ।

रास्वपा जीतपुरसिमरा उपमहानगरपालिका नगरसमितिले सिमरामा सोमवार राति आयोजना गरेको तीज मिलन समारोहमा उनले २०७९ को प्रतिनिधिसभा सदस्यको निर्वाचनमा रास्वपालाई नेपाली जनताले पत्याएकोले अहिले पार्टी संसद्मा रहेको बताइन् । आगामी २०८४ को चुनावमा रास्वपालाई जनताले पहिलो नम्बरको पार्टी बनाएपछि महिलाको लागि ५१ प्रतिशत हकअधिकार विभिन्न संवैधानिक निकायमा दिलाउने उनले बताइन् ।

रास्वपाकी अर्की सांसद निशा डाँगीले मधेस प्रदेशमा छोरीबेटीलाई घरभित्र राख्ने परम्परालाई अबको शिक्षित महिलाले प्रतिवाद गर्दै राजनीतिमा मधेसी महिलाहरूको सहभागिता बढ्नुपर्नेमा जोड दिइन् । मधेसको विकास र समुन्नतिमा पनि मधेसी दिदीबहिनीहरू राजनीतिमा आएर नेतृत्व गर्नुपर्ने सुझाव दिइन् ।

सोही पार्टीकी अर्की सांसद विन्ध्यवासिनी कंसाकारले बारा–२ को उपनिर्वाचनमा आफू बारा आएको र सो बेला राजनीतिक कार्यक्रममा महिलाहरूको सहभागिता न्यून देखिएकाले महिलाहरूको हकअधिकारको लागि रास्वपामा आउन उनले अपील गरिन् ।




तस्वीरः प्रतीक

रास्वपा जीतपुरसिमरा नगर कार्यसमितिका सभापति सुरेशराज केसीको सभापतित्व र नेता अमृत बस्यालको सहजीकरणमा भएको कार्यक्रममा रास्वपा मधेस प्रदेशकी उपसभापति राधिका न्यौपाने कलवार, ममता शर्मालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा पर्सा, बाराका रास्वपाका नेता, कार्यकर्ताहरूको सहभागिता थियो ।

## दैनिक ज्यालादारीका छ सय कर्मचारीलाई महानगरले हटायो

प्रस, वीरगंज, २६ भदौ/

वीरगंज महानगरपालिका कार्यालयले भोलि बुधवारदेखि लागू हुनेगरी दैनिक ज्यालादारीका करीब छ सय कर्मचारीलाई हटाएको छ ।




तस्वीरः फाइल

प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले मङ्गलवार सूचना प्रकाशित गर्दै ३२ वटै वडा कार्यालयलाई स्थायी र करारबाहेकका कर्मचारीहरूलाई भदौ २७ गते बुधवारदेखि कामकाजमा नलगाउन निर्देशन दिएका छन् । उनले भोलिदेखि स्थायी र करारबाहेकका कर्मचारीहरूलाई डोर हाजिरीमा खटाउने मानिसहरूले आफ्नो निजी सम्पत्तिबाट त्यस्ता कर्मचारीहरूको तलबभत्ता बेहोर्नुपर्ने चेतावनी पनि दिएका छन् ।

वीरगंज महानगरपालिका कार्यालयमा गएको भदौ महीनामा नगरप्रमुख राजेशमान सिंहले पूर्वनगरप्रमुख विजयकुमार सरावगीको पालामा नियुक्त गरिएका दैनिक ज्यालादारी, करारका कर्मचारीहरूलाई अवकाश दिएका थिए । त्यसपछि महानगरपालिका कार्यालयमा असोज र कात्तिक महीनामा गरी करीब छ सयजना दैनिक ज्यालादारीमा मात्र कर्मचारीहरू नियुक्त गरिएका थिए । कार्यालय सहायक, कम्प्युटर अपरेटर, अमिन, ओभरसियर, इन्जिनीयर, सफाइकर्मी र नगरप्रहरीमा नियुक्त गरिएका थिए । यसरी नियुक्त गरिएका दैनिक ज्यालादारीका कर्मचारीहरूलाई आज एक्कासि हटाइएको हो । यी दैनिक ज्यालादारीका छ सय कर्मचारीमा महानगरपालिका कार्यालयको मासिक एक करोड ३० लाखभन्दा बढी आर्थिकभार थियो ।

## नदीजन्य पदार्थको खुलेआम तस्करी

बलिराम शुक्ला, बिरुवागुठी, २६ भदौ/

पर्साको राष्ट्रिय वन अन्तर्गत रहेका खोलाहरूबाट दिनहुँ गिट्टी, बालुवाको अवैधरूपमा खुलेआम चोरी तस्करी हुँदासमेत सम्बन्धित निकाय मौन देखिएका छन् ।

वीरगंज महानगरपालिका अन्तर्गत भेडाहा खोला, पर्सागढी नगरपालिका अन्तर्गत कर्जनिहा र सिङ्गाही खोलाबाट दिनहुँ गिट्टी, बालुवाको चोरी तस्करी हुँदासमेत वनकर्मी र प्रहरी मूकदर्शक देखिएका छन् ।

ती खोलाहरूबाट दिनहुँ गिट्टी, बालुवा चोरी तस्करी गरी सबडिभिजन वन कार्यालय सबैया, सबडिभिजन वन कार्यालय बडनिहार र सो मातहत रहेका छतवनटाँडी वन कार्यालय, मनवा वन कार्यालय, मिलनचोक प्रहरी चौकी, बडनिहार प्रहरी चौकी, मनवा प्रहरी चौकीकै अगाडिबाट गिट्टी, बालुवा ओसारपसार हुने गर्छ ।

असार १ गतेदेखि बन्द भएका खोलाहरू पालिकाहरूले समयमा ठेक्का नलगाउँदा प्रहरी र वनकर्मीहरूलाई आर्थिक प्रलोभनमा पारी ट्याक्टरबाट




अवैधरुपमा बालुवाको तस्करी हुँदै । तस्वीरः प्रतीक

दिनहुँजसो गिट्टी, बालुवाको तस्करी बढेको स्थानीयहरू बताउँछन् ।

**प्रमोद यादव, पंचगावाँ/**

पटेर्वासुगौली र जीराभवानी गाउँपालिका अन्तर्गत पर्ने भलुवाही खोला र सखुवाप्रसौनी तथा पटेर्वासुगौली गापा अन्तर्गत पर्ने जमुनिया खोलाबाट गिट्टी, बालुवा, ढुङ्गाको तस्करी बढेको छ ।

ढुङ्गा, गिट्टी, बालुवाको चोरी तस्करी

(बाँकी पाँचौं पातामा)

## बाल सुधारगृहमा विवाद, प्रहरीद्वारा अश्रुग्याँस प्रहार

प्रस, वीरगंज, २६ भदौ/

बाल सुधारगृह वीरगंजमा विवाद भएको छ ।

सुधारगृहमा रहेका बालबन्दीहरूले एक सातादेखि नाइके परिवर्तन गर्नुपर्ने कुराको उठान गर्दै आएका थिए र यसबारेमा सम्बन्धित पक्षले सम्बोधन नगरेपछि आज राति उनीहरूले बवाल गरेका हुन् । बालगृहमा रहेका बन्दीहरूका विवादलाई साम्य पार्न प्रहरीले बाहिरबाट अश्रुग्याँस प्रयोग गरेको थियो ।



तस्वीरः प्रतीक

राति ९ बजेसम्म सो ठाउँमा विवाद भएको थियो । प्रहरीले घटनालाई

(बाँकी पाँचौं पातामा)

## गाँजा बेच्ने र खरीद गर्ने तीनजना पक्राउ

प्रस, निजगढ, २६ भदौ/

लागूऔषध गाँजा बेच्ने र खरीद गर्ने तीनजनालाई इलाका प्रहरी कार्यालय, निजगढले सोमवार पक्राउ गरेको छ ।




तस्वीरः फाइल

पक्राउ पर्नेमा मकवानपुर बकैया गाउँपालिका–९ बस्ने २८ वर्षीय सुजन घलान, गदी गाउँपालिका–१ बस्ने २६ वर्षीय गणेशबहादुर बमजन र रौतहट चन्द्रपुर नगरपालिका–३ बस्ने ३४ वर्षीय छविलाल स्याङ्तान रहेका इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ ।

निजगढ–९ सिम्री जाने जङ्गलको सडकमा पाँच किलोग्राम गाँजा घलान र बमजनले स्याङ्तानलाई बिक्री गर्दै गरेको सूचनाको आधारमा प्रहरी निरीक्षक घनश्याम श्रेष्ठ नेतृत्वको सुरक्षाकर्मीको टोलीले गाँजा, ना.४५प ३४३ नम्बरको मोटरसाइकल नियन्त्रणमा लिई तीनैजनालाई आवश्यक कारबाही प्रक्रिया अघि बढाएको प्रनि श्रेष्ठले जानकारी दिए । अमलेखगंज, चकरी, रतनपुरको भित्री सडक हुँदै सो गाँजा ल्याइएको निजगढ प्रहरीले जनाएको छ ।

## छोटकरी

### पत्रकार गुप्तालाई धम्की

प्रस, वीरगंज, २६ भदौ/

परवानीपुर गाउँपालिका–५ बाराका वडाध्यक्ष रामेश्वर कलवारका छोरा जयप्रकाश कलवारले पत्रकार राहुल गुप्तालाई धम्की दिएका छन् । राहुल गुप्ता सञ्चालक रहेको प्रहार डेली डटकममा भदौ २४ गते प्रकाशित समाचारलाई लिएर वडाध्यक्षका छोराले फोन र एसएमएसबाट पत्रकार गुप्तालाई तथानाम गाली गर्दै धम्क्याएका हुन् ।

घटनाबारे पत्रकार गुप्ताले जिल्ला प्रशासन कार्यालय, बारामा उजूरी दिएका छन् र जिप्रका बाराले सो सम्बन्धमा वडाध्यक्षका छोरा जयप्रकाशलाई इलाका प्रहरी कार्यालय, परवानीपुरलाई पत्राचार गर्दै उपस्थित गराउन निर्देशन दिएको छ ।

## विचारसार र सूक्तिहरू

आकाशभन्दा माथि उठ्ने चाहनाभन्दा कसैको मुटुमा बस्न सक्नु महत्त्वपूर्ण हुन्छ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# आत्महत्याबाट जोगाउन सकिन्छ

**यस वर्ष पनि विभिन्न कार्यक्रमका साथ नेपालमा ‘विश्व आत्महत्या रोकथाम दिवस’ मनाइयो । हरेक वर्ष सेप्टेम्बर १० मा ‘विश्व आत्महत्या रोकथाम दिवस’ मनाइन्छ । हाम्रो मुलुकमा आत्महत्याका घटना बढ्दो क्रममा रहे पनि रोकथाम तथा न्यूनीकरणका लागि प्रभावकारी काम हुन सकेको छैन । पछिल्लो एक दशकमा ५६ हजारभन्दा बढी मानिसले आत्महत्या गरेको तथ्याङ्कले देखाउँछ । गत आर्थिक वर्ष २०७९/८० मा मात्रै सात हजारजनाले आत्महत्या गरेका थिए । आव २०६९/७० मा ४,५०० जनाले आत्महत्या गरेकामा १० वर्षपछि आव २०७९/८० मा सात हजार पुग्नु चुनौतीपूर्ण अवस्था हो । विज्ञहरूका अनुसार आत्महत्या मानसिक स्वास्थ्य समस्या हो । आत्महत्या गर्न खोज्ने व्यक्तिले पहिले नै कुनै न कुनै सङ्केत दिने र गतिविधि देखाउने हुँदा त्यस्ता गतिविधिको ख्याल गर्न सकियो भने रोक्न सकिन्छ । सङ्केत देखाउँदाकै अवस्थामा घरपरिवार, समाज, राष्ट्र वा अरूले वास्ता गरेर रोकथामका उपाय गरे आत्महत्याबाट बचाउन सकिन्छ । ज्यान जोगिएपछि मानसिक रोगको चिकित्सकीय उपचार पनि सम्भव छ ।**

**आफ्नो हत्या आफैंद्वारा गर्नुलाई आत्महत्या भनिन्छ । मनमा असह्य हुनेगरी पीडा बढ्दै गएपछि व्यक्तिलाई बाँच्ने इच्छा र चाहना घट्दै जान्छ । अनि पीडाबाट मुक्ति पाउन आत्महत्याबाहेक कुनै विकल्प छैन भन्ने सोच बलियो हुँदै गएपछि उसले आत्महत्याको बाटो रोज्छ । पीडाबाट मुक्तिका लागि आत्महत्याबाहेक अरू पनि बाटाहरू छन् भन्ने ज्ञान वा चेत भर्न सकेमा व्यक्तिलाई आत्महत्याबाट जोगाउन सकिन्छ । आफ्ना सन्तानको वियोगमा आत्महत्या रोज्न खोज्ने आमाबुबालाई मर्नुभन्दा असहाय बालबालिकाको सेवा गरेर ती बालबालिकामा आफ्ना सन्तान मुस्कुराएको हेर्नु उचित हुन्छ भन्ने सुझाव पाएपछि आत्महत्याको बाटो छाडेका थिए । सन्तान गुमाएका आमाबुबाहरू जो अवसादको औषधि सेवन गर्नुपर्ने अवस्थामा पुगेका थिए । पर्वतका छत्रबहादुर केसी दम्पतीले अकाल रोगले कसैको ज्यान नजाओस् भन्दै गाउँमा अस्पताल बनाइदिए । त्यसैगरी, दाङका प्रदीपराज शर्माले कराते खेलाडीहरूको अभिभावकत्व लिए भने विराटनगरका बद्रीविक्रम थापाले उत्कृष्ट प्रहरी पुरस्कार स्थापना गरेर प्रहरी सेवामा रहेका सबैलाई आफ्नो सन्तान सम्झे । यी यस्ता उदाहरण धेरै भएपनि उनीहरूको कथा–व्यथा एकै किसिमका छन् । जवाफ एउटै– “सन्तानको वियोगमा, संसार अँध्यारो देख्न थालेपछि आत्महत्या गर्ने निर्णयमा पुगिसकेका थियौं ।” आज समाजसेवाको क्षेत्रमा उनीहरूको नाम र सम्मान छ । समयमा पाएको परामर्शबाट यो सबै सम्भव भएको हो ।**

**मनमा उदासी छाउनका लागि जे पनि बहाना बनिदिन्छ । एउटै कुरा समय, परिस्थिति र अवस्था अनुसार बुझाइ फरक पर्न सक्छ । एउटै प्रकृतिको घटनामा कसैलाई थोरै प्रभाव र कसैलाई धेरै प्रभाव पर्नुको कारण पनि यही हो । परिवारका सदस्यको पहरेदार उनकै परिवारका सदस्यहरू हुन् । एकले अर्कोको दिनचर्या, व्यवहारलाई निगरानी राख्ने गरेमा कसैले आत्महत्या गर्न लागेको रहेछ भन्ने थाहा हुन्छ । थाहा पाएपछि सकारात्मक परामर्श दिएर रोक्न सकिन्छ । त्यसपछि मनोचिकित्सककहाँ लैजानु छँदैछ । यसको निम्ति हरेक परिवारका सदस्यलाई सचेत गराउन जरुरी छ । जसको निम्ति सरकारले प्रभावकारी कार्यक्रम ल्याउनुपर्छ ।**

# बिपी कोइराला – एक विलक्षण र दूरदर्शी व्यक्तित्व

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
rajendrakoirala20@gmail.com


**“समाजवाद र राजतन्त्र जसरी स्वीडेनमा सँगै चलिरहेको छ, त्यसैगरी हाम्रोमा पनि अगाडि बढाउन सकिन्छ । राजा असल भए भने चुनावबाट आएको सरकारलाई सजिलो हुन्छ । चुनिएर आएका राष्ट्रपति र प्रधानमन्त्रीका बीचमा शक्ति सङ्घर्ष हुन सक्छ र यसले मुलुकलाई कमजोर बनाउने कुरामा दुई मत रहँदैन ।”**

बिपी कोइराला क्यान्सरबाट ग्रसित भएको अवस्थामा गणेशराज शर्माले उनीसँग गरेका कुराकानी र वार्तालापमा आधारित ‘राजा, राष्ट्रियता र राजनीति’ पुस्तकमा उनी कति दूरदर्शी थिए भन्ने कुरा कल्पना पनि गर्न सकिन्न ।

बिपी कोइरालाले सालाखाला ४० वर्ष सक्रिय राजनीति गर्नुभयो । विसं २०३३ देखि २०३७ सम्म (राष्ट्रिय मेलमिलापको नीति लिएर देश फर्केपछि) उनको विभिन्न कुराकानी र वार्तालापमार्फत व्यक्त गरिएका उद्धरणलाई विभिन्न किसिमले व्याख्या र विश्लेषण गरी अहिलेको पुस्तालाई बुझाउनु अत्यन्त जरुरी छ ।

**विषय प्रवेश**

त्यस बेलाको विश्व राजनीति दुई धारमा बाँडिएको थियो– साम्यवाद (युएसएसआर) र पूँजीवाद (युएसए) । हाम्रा दुई छिमेकी मुलुकको अवस्था पनि दयनीय नै थियो । त्यस्तो अवस्थामा देशको सार्वभौमसत्ता जोगाउन बिपीले लिएको साहसिक राजनीतिक निर्णयलाई अभूतपूर्व र अविश्वसनीय नै मान्नुपर्छ । त्यो समय जुन बेला हिन्दूस्तानले सिक्किमलाई विलय गरिसकेको थियो । उनको अटुट विश्वास थियो कि राजतन्त्रलाई अनादर गरियो भने देशको अस्तित्व नै रहनेछैन । उनको त्यो अदम्य निर्णयले गर्दा नै आज हामी नेपाली भएर शिर ठाडो पार्न सकेका छौं । त्यो बेलाको विश्व परिदृश्य दुई सैद्धान्तिक विचारधारामा बाँडिएको थियो भने भारतमा इन्दिरा गाँधीको आफ्ना सबै छिमेकीलाई आफ्नो वर्चस्वमा राख्ने अभीष्टता थियो ।

**देशको वस्तुस्थितिको बारेमा उनले गरेको व्याख्या**

राष्ट्रियताको सवालमा साथीहरूले ढिलोगरी बुझेकामा उनस् भन्छन्, “म रहुन्जेल मेरा साथीहरूलाई अनावश्यक निर्धक्कता छ कि बिपी छँदै छ नि । त्यसले गर्दा साथीहरूले जति जिम्मेवारी लिनुपर्ने हो, लिन नसकेकाले जनतामा चेतना जगाउन ढिला भइरहेको छ ।” उनी राष्ट्रियताको सवालमा राजासँग मेरो घाँटी जोडिएको छ भन्थे । राष्ट्रिय एकतालाई बाँध्न सक्ने तत्त्व नै राजा, राष्ट्रियता र प्रजातन्त्र हो । यस नीतिमा हामी अड्न सक्यौं भने हाम्रो एकतालाई कसैले पनि टुटाउन र फुटाउन सक्दैन । राजनीतिको पहिलो शर्त नै स्वतन्त्रता हो । आफूलाई लागेको कुरा बोल्न नपाउने हो भने प्रजातन्त्र या स्वतन्त्रताको कुनै अर्थ नै बाँकी रहँदैन । देशमा विभिन्न राजनीतिक दलका बीचमा स्वस्थ प्रतिस्पर्धा होस्, आआफ्ना विचार र सिद्धान्तलाई लिएर उनीहरू जनतामा जाऊन् र जनताले जसलाई विजय गराउँछ, त्यही दलले शासन गरोस् । त्यो पो प्रजातन्त्र हो । त्यो बेलाको समयमा पनि बिपीको समावेशी विचार र व्यवहारमा एकरूपता देखिन्छ । त्यसको उदाहरण १७ महीना उनले नेतृत्व गरेको मन्त्रिमण्डलको नामकरण हेर्दा स्पष्ट हुन्छ ।

उनी जमीनको उत्पादनको विषयमा यस्तो विचार राख्छन्, “जमीन जसले जोत्छ, उसैको हुनुपर्ने हो तर यो काम त्यति सजिलो छैन, अहिलेको अवस्थामा । यो कुनै नीति र योजना तथा दूरदर्शी सोचविना हचुवाको भरमा गरिने काम होइन । जेजस्तो भएपनि जमीनको उत्पादन जसरी पनि बढाउनु नै राज्यको लामो समयको योजना हुनुपर्छ ।” उनी भन्छन्, “जमीनको उत्पादन बढाउन कुलोनालाको व्यवस्थापन र मलखादको व्यवस्था हुनु जरुरी हुन्छ । घना जङ्गल र नदीनालाहरू हाम्रा देशका ठूला सम्पत्ति हुन् । यसको विकास गर्न सके देशको कायापलट नै हुन सक्छ ।” त्यस बेला नै उनका यस्ता दृश्यावलोकनहरू थिए । उनी भन्छन्, “उद्योगधन्दाहरूका लागि चाहिने खनिज पदार्थहरूको खोज हाम्रो देशमा भएको छैन । यसको बारेमा हामी अहिले सोच्न सक्दैनौं । हामो स्रोत नै जल, जमीन, जङ्गल र जनश्रम (कम्युनिस्टहरूले बिपीको यो वाणीलाई सापट लिएका हुन्) हो । विकासका योजनाहरू बनाउँदा यी चार तत्त्वलाई हामीले ध्यान राख्नु जरुरी छ ।” उनले त्यस बेला नै सूर्य र पानीबाट ऊर्जाको विकास गर्न सकिने कुरा उल्लेख गरेका थिए । उनी आफ्नो विचार राख्दै अगाडि भन्छन्, “युरोप र अमेरिकाको प्रविधिले हामीलाई फाइदा हुन सक्दैन, यसको अन्धाधुन्ध आयातले देशको ठूलो रकम बाहिर जान्छ र यसले देशलाई टाट पल्टाउँछ । त्यसैले हामीले आफ्नो देश अनुसारको खोज र अनुसन्धान गरी देश सुहाउँदो प्रविधिको विकास गर्न सक्नुपर्छ ।” यसबाट स्पष्ट हुन्छ कि अनुसन्धान र विकासको लागि उनको चिन्तन त्यो बेलाको समयमा कति अविश्वसनीय लाग्छ । “गाँस, वास, कपास, शिक्षा र स्वास्थ्य प्रारम्भिक आवश्यकताहरू हुन्,” उनी थप्छन्, “यी कुराहरू हाम्रै मुलुकमा प्राप्त स्रोत साधनहरूको आधारमा पूरा हुनु जरुरी छ ।”

त्यस बेला कम्युनिज्मको वर्चस्वले पूर्वी युरोपलाई ढाकिसकेको थियो । फ्रान्स जस्तो देश पनि यसको प्रभावबाट अछूतो रहन सकेको थिएन, जसको उपस्थिति फ्रान्सको संसद्मा पनि थियो । नेपालका त्यस बेलाका कम्युनिस्टहरू (उनीहरू रूसी कम्युनिस्टबाट प्रभावित भएको अवस्था थियो)बारेमा बिपी भन्छन्, “यहाँका कम्युनिस्टहरूसँग मेरो मतभेद दुई/तीन कुरामा मात्र छ । उनीहरू रूसबाट सञ्चालित नहुन र अर्को बहुदलीय व्यवस्थामा विश्वास राखून् ।” यही विचारबाट प्रभावित भएर मदन भण्डारीले जनताको बहुदलीय जनवाद (जबज)को सिद्धान्तलाई परिमार्जित गरेका थिए । मदन भण्डारीले पनि बिपीको विचारलाई आत्मसात् गर्दै आफ्नो जबज सिद्धान्तलाई प्रतिपादन गरेका थिए भन्दा कुनै अन्याय हुन्छ जस्तो मलाई लाग्दैन ।

बिपी फेरि भन्दै जान्छन्, “यी दुई कुरा उनीहरूले माने अरू मतभेदहरू त्यति ठूला होइनन् । त्यो बिस्तारै हट्दै जान्छ,” अति उच्च सोच राख्दै उनी अगाडि भन्छन्, “सरकारमा उनीहरू आए पनि अरू दलको स्वतन्त्रतालाई स्वीकार गरी आउँछन् भने उनीहरूसँग मेरो धेरै ठूलो मतभेद रहनेछैन ।”

राजा, राष्ट्रपति र प्रधानमन्त्रीको प्रसङ्गमा उनी राजाको महत्त्व राष्ट्रको सार्वभौमिकताको लागि कति जरुरी छ भन्ने यस भनाइबाट प्रस्ट गर्छन्, “समाजवाद र राजतन्त्र जसरी स्वीडेनमा सँगै चलिरहेको छ, त्यसैगरी हाम्रोमा पनि अगाडि बढाउन सकिन्छ । राजा असल भए भने चुनावबाट आएको सरकारलाई सजिलो हुन्छ । चुनिएर आएका राष्ट्रपति र प्रधानमन्त्रीका बीचमा शक्ति सङ्घर्ष हुन सक्छ र यसले मुलुकलाई कमजोर बनाउने कुरामा दुई मत रहँदैन ।” फ्रान्समा त्यस बेला राष्ट्रपति र प्रधानमन्त्रीबीचको सङ्घर्षले यस प्रसङ्गमा बिपीलाई झस्क्याएको प्रस्ट देखिन्छ साथै भारतमा पनि डा राजेन्द्र प्रसाद, त्यस बेलाका राष्ट्रपति र प्रधानमन्त्री जवाहरलाल नेहरूबीचको शक्ति सङ्घर्ष सतहमैं देखिएको थियो । यसैबबाट हामीले अनुमान गर्न सक्छौं कि कसैको सोचमा नभएको कुरा कसरी उनले सोच्थ्ये । त्यसैले त उनलाई उनका विरोधीहरूले नै उनको मृत्युपछि महामानवको उपमा दिएका थिए ।

अधिनायकवादबाट सशङ्कित हुँदै उनी भन्छन्, “हिटलर पनि चुनावबाटै आएका हुन, त्यस कारण हामीले त्यो स्थिति हाम्रो देशमा नआओस् भनेर कम्युनिस्टहरूलाई एउटा सीमित सीमामा राख्न सक्नुपर्छ र काङ्ग्रेसले राजाको अस्तित्वलाई सधैं स्वीकार गर्दै अघि बढेन भने काङ्ग्रेसको अस्तित्व मेटिन सक्छ ।”

अहिलेको प्रसङ्ग हेर्दा शेरबहादुर देउवाले माओवादी–काङ्ग्रेस बनाइसके । २०६२/६३ को दोस्रो जनान्दोलनपछि गिरिजाप्रसाद कोइरालाले माओवादीहरूलाई ‘स्पेस’ दिएदेखि नै काङ्ग्रेस खिइँदै गएको अवस्था छ । झन् अहिलेको स्थानीय चुनावमा भएको गठबन्धनले त काङ्ग्रेसलाई रसातलमैं पुऱ्याउँछ जस्तो छ ।

**अन्त्यमा यतातिर पनि सोच्ने हो कि, सातवटै प्रदेशमा बिपी अध्ययन केन्द्र**

सम्पूर्ण राजनीतिक दल तथा नेपाली काङ्ग्रेसका नेता डा शेखर कोइराला, डा मिनेन्द्र रिजालजस्ता विद्वत्वर्गले साथै नेपाली काङ्ग्रेसले निर्णय गर्दै बिपी अध्ययन केन्द्रलाई सातवटै प्रदेशमा स्थापना गरी बिपीको आदर्शलाई आजका युवाहरूमाझ र आउँदो पुस्तालाई दीक्षित गर्दै अगाडि बढ्न सके अबको २० वर्षपछिको पुस्ता कति सभ्य, शालीन, दूरदर्शी, इमानदारका साथै सिद्धान्तनिष्ठ हुने थिए होला ।

बिपीले करीब ४० वर्ष सक्रिय राजनीति गरे । त्यसमध्ये विसं २०३३ देखि २०३७ सम्मको अवधिलाई लिएर बिपीका समर्थक वा विरोधी कसैको पनि एउटै दृष्टिकोण रहेको पाइँदैन । समय बित्दै गएपछि महापुरुषहरूलाई हेर्ने दृष्टिकोणमा भिन्नता बढ्दै जानु प्राकृतिक नियम नै हो । भगवान्को अवतार मानिएका राम, कृष्ण, जिसस क्राइस्ट, पैगम्बर मोहम्मदलगायतका विषयमा त भक्तजनहरूबीच एउटै दृष्टिकोण पाइँदैन । भक्तजनहरू आफैं लडाइँ गरिरहेका छन् ।

# नेम्वाङ गुटगत स्वार्थबाट मुक्त र समन्वयकारी नेता

प्रकाश सिलवाल/रासस

हृदयघातका कारण मङ्गलवार बिहान त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा निधन भएका संविधानसभाका अध्यक्ष एवं नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङलाई श्रद्धाञ्जलि दिन एमालेको पार्टी कार्यालय, च्यासलमा पुगेका विशिष्ट व्यक्ति, राजनीतिक नेता र आम कार्यकर्ताले उनको अप्रत्याशित निधन भएकामा दुःख व्यक्त गरेका छन्, उनले लोकतान्त्रिक आन्दोलन, संविधान निर्माण र न्यायिक क्षेत्रमा खेलेको भूमिकाको स्मरण गर्न भुलेका छैनन् । श्रद्धाञ्जलि दिन आउनेको लाइन र घुइँचो देख्दा लाग्छ, नेम्वाङ कुनै एक पार्टीको मात्र नभई मुलुककै साझा नेता थिए । मृदुभाषी, शालीन व्यक्तित्वका धनी, समन्वयकारी गुण भएका नेम्वाङप्रति श्रद्धाञ्जलि दिंदै उनका बाँकी सपना पूरा गर्ने सङ्कल्प श्रद्धाञ्जलि र समवेदना दिन आउनेमा प्रकट भएको देखिन्थ्यो । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी श्रद्धाञ्जलि दिएर च्यासलबाट फर्कंदै गर्दा आँसु झार्दै निस्किइन् ।

श्रञ्द्धाजलि दिंदै गर्दा एमालेका अनुशासन आयोगका अध्यक्ष केशव बडालले आँसु थाम्न सकेनन् । प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना, एमाले नेता एवं पूर्वमन्त्री वसन्त नेम्वाङ र उनकी पत्नी भूमिका सुब्बा धरधरी रुँदै पार्थिव शरीर राखिएको सभाहलबाट बाहिर निस्किए । यस्ता दृश्य आज बिहान शिक्षण अस्पताल र दिउँसो एमाले पार्टी कार्यालयमा देखिने क्रम रोकिएका छैनन् ।



ललितपुरको च्यासलस्थित नेकपा (एमाले)को पार्टी कार्यालयमा मङ्गलबार संविधानसभाका अध्यक्ष एवम् नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्दै नेताहरू । तस्वीर: रासस

नेम्वाङको योगदान र उनको व्यक्तित्व कस्तो थियो भन्ने आकलन गर्न उनलाई श्रद्धाञ्जलि दिएर एमालेको पार्टी कार्यालयबाट निस्कँदै गर्दा विशिष्ट व्यक्ति, नेतागण र कार्यकर्ताको आँखा रसाएबाट पनि झल्किएको बुझ्न सकिन्छ । एमाले अध्यक्ष केपी शर्मा ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायत शीर्ष नेताले पार्टीको सचिवालय बैठकपछि सामूहिकरूपमा गहिरो मनका साथ माला र फूल चढाएर भावपूर्ण श्रद्धाञ्जलि दिए । श्रद्धाञ्जलि दिएपछि एमालेका शीर्ष नेता विश्राम गरेको स्थलमा विशिष्ट व्यक्ति र अन्य पार्टीका नेता पुग्ने र समवेदना आदानप्रदान गर्ने क्रम जारी छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठ, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, नेपाली काङ्ग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, एकीकृत समाजवादीका

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# श्रमिकको हितलाई केन्द्रमा राखेर काम गर्न राजदूतहरूलाई प्रधानमन्त्रीको निर्देशन

काठमाडौं, २६ भदौ/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विदेशस्थित नेपाली दूतावासका



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' श्रम गन्तव्यलाई सुरक्षित बनाउन र मानव तस्करीलाई रोक्न नेपालका श्रम गन्तव्य देशका राजदुत र कूटनीतिक नियोगका प्रमुखहरूसँगको छलफलमा सम्बोधन गर्दै। तस्वीर : रासस

राजदूतलाई नेपाली श्रमिक तथा कामदारको हितलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मङ्गलवार आयोजित श्रम आप्रवासनसम्बन्धी समस्या र तिनको समाधानसम्बन्धी अन्तर्क्रियामा उनले विदेशमा रहेका नेपाली कामदारले अनेकन समस्या झेल्नुपरेकामा ध्यानाकर्षण गराउँदै उक्त निर्देशन दिएका हुन्।

सरकारले पहिलोपटक विदेशस्थित नेपाली राजदूतलाई बोलाएर नेपाली श्रमिक तथा कामदारले भोग्नुपरेका समस्या र कठिनाइबारे छलफल गरेको हो। कार्यक्रममा राजदूतहरूले आफ्नो रिपोर्टका साथै आगामी कार्ययोजनासमेत प्रस्तुत गरेका थिए। प्रधानमन्त्री प्रचण्डले अन्तर्क्रियामा राजदूतले उठाएका विषय सम्बोधन गर्दै निर्देशित गरेका छन्।

सम्बोधनमा उनले अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्ध, नेपालको पर्यटन प्रवर्द्धन र विदेशमा कार्यरत नेपाली श्रमिकको हितलाई केन्द्रमा राखेर काम गर्न जोड दिएका हुन्।

"नेपाली श्रमिक तथा कामदारको सुरक्षित र मर्यादित आप्रवासनमा यस प्रकारको छलफलले महत्त्वपूर्ण योगदान गर्ने मैले विश्वास लिएको छु," प्रधानमन्त्री प्रचण्डले भने।

पछिल्लो समय आन्तरिक रोजगारमा देखा परेको अप्ठ्यारो अवस्थामा वैदेशिक रोजगारले देशको युवा जनशक्तिलाई रोजगार सिर्जनाको क्षेत्रमा सहयोग पुऱ्याएको उनको भनाइ छ। मुलुकको भुक्तानी सन्तुलनमा सहयोगलगायत पूँजी, सीप र प्रविधिले नेपालको विकासमा महत्त्वपूर्ण योगदान गर्नुका साथै नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र मित्रतामा समेत सहयोग पुगेको प्रधानमन्त्री प्रचण्डले उल्लेख गरे।

"वैदेशिक रोजगारमा जाने नेपाली श्रमिक ठगीमा पर्ने, मानव अधिकारको प्रत्याभूति र समयमैं राहत उद्धार हुन नसक्नु र कार्यस्थलमा विभिन्न प्रकारका जोखिममा पर्नुलगायत समस्याको सामना गरिरहेका छन्, यसको सम्बोधन हाम्रो गम्भीर चासोको विषय रहेको छ," उनले भने। नेपालीको हकहित संरक्षण हुने, न्यूनतम सेवा सुविधाको प्रत्याभूति हुने, सामाजिक सुरक्षाको सुनिश्चितता र गुनासो सुनुवाइको प्रभावकारी संयन्त्र विकास गर्दै श्रम आप्रवासनलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न श्रम कूटनीतिलाई थप प्रभावकारी बनाउनुपर्ने प्रधानमन्त्री प्रचण्डको भनाइ छ।

"कुनै पनि नेपाली नागरिक विदेशी भूमिमा समस्यामा परेको बेला कूटनीतिक नियोगले गुनासो सुनुवाइ गरेनन् भन्ने अवस्थाको अन्त्य गर्न यहाँको ध्यान जानेछ। म परराष्ट्र मन्त्रालय, राजदूत र श्रम प्रशासनसँग सम्बद्ध सबै निकायलाई नेपालीको हकहितका लागि गम्भीर भएर क्रियाशील हुन निर्देशित गर्दछु," उनले भने, "हामीले एकातिर देशभित्रै आन्तरिक रोजगारको अवसरमा वृद्धि गर्नुपर्नेछ भने अर्कोतर्फ वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्नेछ।"

व्यापार घाटा नेपालको अर्थतन्त्रको ठूलो चुनौतीका रूपमा रहिआएको स्पष्ट पार्दै प्रधानमन्त्री प्रचण्डले देशगत तथा वस्तुगत व्यापार विविधीकरण गरी व्यापार सन्तुलनलाई मुलुकको पक्षमा कायम गर्नुपर्ने भएकाले त्यसमा सक्रिय भूमिका रहनुपर्नेमा जोड दिए। वैदेशिक रोजगारमा जाने श्रमिकलाई प्रदान गरिने सबै प्रकारका कन्सुलर सेवालाई सूचना प्रविधिमा आधारित बनाउँदै सहज र प्रभावकारीरूपमा सेवाप्रवाह गर्न प्रधानमन्त्री प्रचण्डले निर्देशन दिए।

"वैदेशिक रोजगारमा जाने श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने कामको सुरुआत भइसकेको छ। यसलाई प्रभावकारी बनाउँदै गन्तव्य मुलुकमा समेत उपलब्ध सामाजिक सुरक्षाका योजनामा श्रमिक आबद्ध हुने व्यवस्था मिलाउन प्रभावकारी भूमिका खेल्नुपर्दछ," प्रधानमन्त्री प्रचण्डले भने, "केही समयभित्रै विदेशमा रहेका सम्पूर्ण श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सरकारको लक्ष्य रहेकामा उक्त लक्ष्य हासिल गर्न क्रियाशील रहन सम्पूर्ण राजदूतलाई निर्देशित गर्दछु।"

दुईपक्षीय श्रम सम्झौता पुनरावलोकन र विस्तार, मागपत्रको प्रमाणीकरण, कानूनी प्रतिरक्षा, घरेलु कामदारसँग सम्बन्धित समस्याको सम्बोधन, सुरक्षित आवास, अभिलेख नभएका श्रमिकको अभिलेखीकरणलगायत विषयमा तत्काल कार्ययोजना बनाइ काम शुरू गर्नसमेत प्रधानमन्त्री प्रचण्डले आग्रह गरे। यस अन्तर्क्रियाबाट विदेशमा रहेका नेपाली श्रमिकका समस्या समाधान गर्न, नेपालको कूटनीतिक क्षमतालाई सुदृढ र विस्तार गर्न, देशभित्र विदेशी लगानीको वातावरण सिर्जना गर्न एवं नेपालको बहुआयामिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने उनले विश्वास व्यक्त गरे।

# माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनाको शिलान्यास

काठमाडौं, २६ भदौ/रासस

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले नेपालको आन्तरिक खपतका लागि कोरियन कम्पनीको प्रत्यक्ष वैदेशिक लगानीमा रसुवामा निर्माणाधीन हालसम्मकै ठूलो २१६ मेगावाटको माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनाको शिलान्यास गरेका छन्।

मङ्गलवार आयोजित विशेष समारोहका बीच मन्त्री बस्नेतले सो आयोजनाको बाँधलगायतका संरचना (हेडवर्क्स) निर्माणको शिलान्यास गरेका हुन्। रसुवाको आमाछोदिङ्मो गाउँपालिका–१ हाकुमा बाँधलगायतका संरचना र उत्तरगया गाउँपालिका–१ मा भूमिगत विद्युत्गृहलगायतका संरचना निर्माणाधीन छन्।

शिलान्यास समारोहमा मन्त्री बस्नेतले नेपालको जलविद्युत् विकासमार्फत आर्थिकरूपमा समृद्धि हासिल गर्न यस क्षेत्रमा सरकारले स्वदेशी तथा विदेशी लगानीका लागि वातावरण बनाइरहेको उल्लेख गरे। मुख्यरूपमा हिउँदमा विद्युत्को माग पूरा गर्नका लागि नमूना आयोजनाका रूपमा तोकिएकै समयमा सम्पन्न गर्न आवश्यक सहजीकरण गरिने उल्लेख गर्दै उनले जलविद्युत् क्षेत्रमा लगानी बढाउन स्वदेशी तथा विदेशी लगानीकर्तालाई आग्रह गरे।

समारोहमा आयोजनाको मुख्य लगानीकर्ता कोरिया साउथ–इस्ट पावर (कोइन)का सभापति एवं प्रमुख कार्यकारी



तस्वीर: फाइल

अधिकृत होउ चुन किमले नेपालको अपार जलस्रोतको प्रयोग गरी स्वच्छ हरित ऊर्जाको आन्तरिकरूपमा खपत बढाइ

(बाँकी पाँचौं पातामा)

# ९६० ग्राम सुनसहित विमानस्थलबाट एकजना पक्राउ

काठमाडौं, २६ भदौ/रासस

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले मङ्गलवार ९६० ग्राम सुनसहित एकजनालाई पक्राउ गरेको छ।

हिमालय एयरलाइन्सबाट दुबईदेखि आएका एकजना व्यक्तिका साथबाट उक्त सुन बरामद गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जानकारी दिए।

पक्राउ परेका व्यक्तिका विषयमा थप अनुसन्धान भइरहेकाले उनको नाम भने अहिले सार्वजनिक नगरिएको जिल्ला प्रहरी परिसर, काठमाडौंले जनाएको छ।

# नेप्सेमा १९.४२ अङ्कको गिरावट

काठमाडौं, २६ भदौ/रासस

सोमवार उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा मङ्गलवार दोहोरो अङ्कको गिरावट देखिएको छ। आज नेप्से परिसूचक १९ दशमलव ४२ अङ्कले घटेर एक हजार ९६७ दशमलव ४२ अङ्कको बिन्दुमा कायम भएको हो।

आज २७६ कम्पनीका ३९ लाख १६ हजार १६१ कित्ता शेयर २६ हजार ३०२ पटक खरीद–बिक्री हुँदा रु एक अर्ब १३ करोड ५० लाख ५७ हजार ५१५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव ०४ प्रतिशतले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव ९८ प्रतिशत र वित्त समूहको उपसूचक एक दशमलव ९२ प्रतिशतले घटेका छन्। बैंकिङ समूह शून्य दशमलव ४३, विकास बैंक एक दशमलव ४४, जलविद्युत् एक दशमलव ५६, लगानी एक दशमलव ३१ र जीवन बीमा समूह शून्य दशमलव ९९ प्रतिशतले घटेका छन्।

त्यसैगरी, उत्पादन तथा प्रशोधन एक दशमलव ०८, लघुवित्त एक दशमलव ४०, निर्जीवन बीमा एक दशमलव ४०, व्यापार शून्य दशमलव ७८ र अन्य समूहको उपसूचक शून्य दशमलव २४ प्रतिशतले घटेका छन्। सबैभन्दा धेरै शुभम् पावर लिमिटेडको शेयर मूल्य आज नौ दशमलव ९९ प्रतिशतले बढेको छ। श्री स्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै नेपाल एसबिआई बैंक लिमिटेडको रु सात करोड ५६ लाख १८ हजार ९२० बराबरको दुई लाख २४ हजार ९४४ कित्ता शेयर किनबेच भएका छन्।

# सम्पर्कमा आएनन् बालगृह

काठमाडौं, २६ भदौ/रासस

राष्ट्रिय बाल परिषद्ले बालगृह सञ्चालन अनुमतिपत्र वितरण प्रक्रियामा आएको तर सञ्चालनमा रहेका एक सय बालगृह अझै सम्पर्कमा आएका छैनन्," उनले भने।




तस्वीर: फाइल

करीब एक सय बालगृह सम्पर्कमा नआएको जनाएको छ।

परिषद्का सूचना अधिकारी रामचन्द्र चन्द्रले असार मसान्तसम्म ४१७ बालगृह सञ्चालनमा रहेकामा बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ मा भएको व्यवस्थाबमोजिम अनुमतिपत्र वितरण प्रक्रियामा करीब एक सय बालगृह सम्पर्कमा नआएको बताए।

"अनुमतिपत्र प्रदान गर्ने प्रक्रियामा एक/डेढ सय बालगृह अनुमतिपत्र प्राप्त गर्ने म्याद सकिएपश्चात् पनि सम्पर्कमा

परिषद्ले बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ मा भएको व्यवस्थाबमोजिम सञ्चालनमा रहेका बालगृहलाई अनुमतिपत्र प्राप्त गर्न योग्य संस्थालाई निवेदन दिन राजपत्रमा सूचना प्रकाशन गरेको थियो।

विभिन्न गैरसरकारी संस्थाले सञ्चालनमा ल्याएका बालगृह पहिला अनुमतिविना चलाउँदै आए पनि अब कानूनी व्यवस्था अनुसार अनुमतिपत्र लिएर मात्र सञ्चालन गर्न सकिने परिषद्का सूचना अधिकारी चन्द्रले बताए। "अनुमतिपत्रविना बालगृह लामो समयसम्म चल्न सक्दैनन्। सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त नगरेका बालगृहलाई नवीकरणमा रोक्का गर्न जिल्ला प्रशासनमा परिपत्र गराउनुपर्दछ," उनले भने।

कानूनी व्यवस्था अनुसार एक वर्षभित्र अनुमतिपत्र प्राप्त गर्नुपर्ने प्रावधान रहे तापनि पूर्ण अभ्यास हुन नसकेको उनले बताए। "कानूनी व्यवस्था अनुसार एक वर्षभित्र अनुमति प्राप्त गर्नुपर्नेछ तर मापदण्ड गत मङ्सिरमा मात्र स्वीकृत हुँदा जेठमा भएको कानूनी व्यवस्थादेखि मङ्सिरसम्मको अवधि थप गरेर परिषद्ले नीतिगत निर्णय गरेमा सम्पर्कमा नआएका अन्य योग्य बालगृह अनुमतिपत्र प्राप्त गर्नका लागि सम्पर्कमा आउन सक्छन्," उनले भने।

अनुमतिपत्र वितरण प्रक्रियामा परिषद्ले मापदण्ड नपुगेका ३९ वटा बालगृह अनुमतिपत्र प्राप्त गर्न अयोग्य

(बाँकी पाँचौं पातामा)



निजगढ नगरपालिका भवन जाने भित्री बाटोबाट देखिएको विश्वको कान्छो पहाड चुरेको सुन्दर दृश्य। चुरेको संरक्षणले नै तराई/मधेसको हरियाली सुरक्षित हुने विज्ञहरू बताउँछन्। तस्वीर: जीतलाल श्रेष्ठ

# राजतन्त्र, विदेशी र नेताहरू

मन्तव्य



कुमार रुपाखेती

राजनैतिक दलहरूले प्रत्येक भाषणमा छाती फुलाएर राजतन्त्र फाल्यौं भनी फलाक्न छाडेका छैनन्। प्रजातन्त्र आएको तीन दशकभन्दा बढी भयो। यत्रो लामो अवधिमा यिनले जाबो साम्प्रदायिकता, छुवाछूत, भेदभाव, बोक्सीप्रथा, मिटरब्याजी र भ्रष्टाचारीहरूलाई तह लगाउन सकेका छैनन् भने यस्ता आँट नभएका जमातले दऱ्हो जरा गाडेको राजतन्त्रलाई कसरी पाखा लगाए होलान् भन्ने शङ्का–उपशङ्का उठ्नु स्वाभाविक हो। मलाई त के लाग्छ भने नेपालको राजतन्त्रलाई विदेशी शक्तिहरूले छलछाम गरेर हटाए र कम्युनिस्ट र काङ्ग्रेसलाई सशर्त सत्तामा ल्याए। त्यसैले वर्तमान नेपाली शासकहरू जनतामा हाहाकार मचाएर छिमेकी विदेशीहरूलाई रिझाउन तल्लीन देखिन्छन्। मुलुकको आर्थिक अवस्था दिनानुदिन खस्कँदो छ भने नेताहरूको रवाफ उपल्लो स्तरको देखिन्छ। भारतीय मिडियाहरूका अनुसार–'नेपाली जनता भारत के विरोध में और नेपाली शासक भारत के पक्ष में'। प्रचण्ड, रामचन्द्र पौडेलहरूले समेत तपसील बमोजिम गर्छौं भन्ने वाचा गरेपछि मात्र उच्च पद हासिल गरेका हुन् भन्ने आरोप पनि छ। भारत नेपालको हितैषी हो र भारत नेपालको विरोधी हो भन्ने दुवै खालको सोच नेपालमा झन्डै बराबरी हुन थालिसक्यो। 'जता काफल पाक्यो, उतै चरी नाच्यो' गर्नेहरू पनि यहाँ छन्। जसले नेपाललाई शान्ति क्षेत्र बन्नबाट रोक्यो, जसले हाम्रो लिपुलेक र कालापानी खोस्यो, आफ्नो राय अनुसार संविधान घोषणा गर भन्यो, त्यो भारत कसरी हाम्रो लागि राम्रो हो? यो मेरो व्यक्तिगत विचार हो। यसैबीच भएको वीरेन्द्र राजाको वंश विनाश अर्को महत्त्वपूर्ण घटना हो।

**महँगी, कालोबजारी, भ्रष्टाचार उच्च बिन्दुमा छ। हिजो ज्ञानेन्द्रपुत्र पारसले तथानाम गरेर जति बदनामी कमाए अहिलेका नेतापुत्रले पारसको कान काटेका छन्। अधिकांश गणतन्त्रवादी नेताका छोराहरूको नाम तस्करी र देशद्रोहसँग जोडिएको छ।**

अहिलेको युगमा शासनको केन्द्रमा राजतन्त्र पटक्कै नसुहाउने कुरा हो भनिन्छ। के संसारका अन्य मुलुकमा राजतन्त्र छैन? कतिपय राजतन्त्र शासित मुलुकहरू नेपालभन्दा निकै विकसित, आर्थिकरूपमा बलियो अनि शक्तिशाली छिमेकी राष्ट्रहरूसँग आँखा जुधाएर कुरा गर्न सक्ने अवस्थामा छन्। हामी गणतन्त्रवादीहरू झिनामसिना घटनामा समेत छिमेकीको राय र आदेश कुर्छौं। प्रचण्ड छिमेकी रिझाएर सत्ता टिकाउने तिकडममा व्यस्त छन् भने विपक्षीहरू प्रचण्डको चुग्ली (कुरा) लगाएर सत्ता हात पार्ने दाउमा छन्। अचेल बजारमा हाकाहाकी भनिन्छ– हाम्रा प्रधानमन्त्री र राष्ट्रपति मात्र होइन, महत्त्वपूर्ण मन्त्रालयको मन्त्रीको छनोटसमेत उतैबाट हुन्छ रे। सत्ताको यो लुछाचुँडीमा जनताको बेहाल छ। महँगी, कालोबजारी, भ्रष्टाचार उच्च बिन्दुमा छ। हिजो ज्ञानेन्द्रपुत्र पारसले तथानाम गरेर जति बदनामी कमाए अहिलेका नेतापुत्रले पारसको कान काटेका छन्। अधिकांश गणतन्त्रवादी नेताका छोराहरूको नाम तस्करी र देशद्रोहसँग जोडिएको छ। कतिपय महान् भनिनेहरू जेल पुगेका छन् र तिनलाई चोख्याउने चोरबाटोको खोजी हुँदैछ। उपरोक्त घटना र गणतन्त्रवादीहरूको चरित्र देख्दा नेपालको राजतन्त्र यिनका बदौलत नभई विदेशी चलखेलले, विदेशी स्वार्थले अपदस्थ भएको हो। यिनका यस्तै रवैयाले गर्दा राजनीति तलसम्मै घिनलाग्दो खेल र मनपरी गर्ने अस्त्र बनेको छ। जाबो काठमाडौंको मेयरले सिंहदरबार जलाइदिन्छु, चोर सरकार भनी हुँकार गर्दासमेत सबै तैं चुप मैं चुप छन्। बालेन राजा र उनकी पत्नी रानीको अवतारमा छन्। जिम्मेवारी वहन गर्ने क्रममा ट्राफिकले बालेन–पत्नी सवार गाडी रोक्दा उनले ठूलै बबाल मचाए। शायद बालेनलाई सिंहदरबारको औकात थाहा छ। अनुशासनहीनता र असुरक्षा यति बिघ्न डरलाग्दो छ कि एउटा राजावादीले राजधानीमा दिनदहाडै काङ्ग्रेसका सहमहामन्त्रीलाई खुकुरीले छप्काइदिए, बिचरा यादव बाल–बाल बचे। पातलो बालेन साहले त मोटो पारस शाहभन्दा चर्को बोले। पारस त कारबाहीमा समेत परे, बालेन कहिले?

हाम्रो वीरगंज पनि महानगर हो। राजेशमान मेयर छन्। केही दिन अघि राधेमाईतिर भेट हुँदा राजेशमानले तपाई मेरो विरोधमा लेख्ने, मैले तपाईंको लेखको सबै कटिङ सचिवालयमा राखेको छु भन्दै दम्भ गरे। राजेशमान कुन युगका मान्छे हुन्। श्री ३ को पालाको कि श्री ५ को पालाको। उनलाई शायद गणतन्त्र नेपालमा छु भन्ने हेक्का छैन भने म हेक्का दिलाउन चाहन्छु। नेपालका महानगरहरूमध्ये सबैभन्दा विवादित र बदनाम महानगर हो वीरगंज। महानगरको भद्रगोलताबारे सबै जिम्मेवारी राजेशमानको हो। खाने पिउने राम चोट पाउने श्याम यो राजेशमानको नीति हो। सार्वजनिक जीवनमा यो घिसापिटा नीति चल्दैन। एउटा भाषणमा मेयर सिंह आफैंले महानगरमा भ्रष्टाचार छ भनेका छन्। म त भन्छु हाम्रो महानगरमा महाभ्रष्टाचार छ। श्री ३ र श्री ५ को पाराले पालिका चलाउने दिन गयो भनी यिनलाई कसले सम्झाउने? अझै पनि खजाना खोज्दै यिनी माईराम पोखरीको फोहर पानीमा डुबुल्की मार्दैछन्। म त अन्त्यमा यही सल्लाह दिन्छु– स्थानीय निर्वाचनताका वीरगंजको शान राजेशमान भनिन्थ्यो, वर्तमानमा वीरगंजको अपमान राजेशमान भन्नु नपरोस्। मलाई थाहा छ बलेको आगो ताप्ने जमातले तपाई घेरिनुभएको छ, यी कुरा पचाउन तपाईंलाई गाऱ्हो पर्ला। अस्तु!

# कम्पनी दर्ता असोज १५ गतेदेखि अनलाइनबाट

काठमाडौं २६ भदौ/रासस

कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता हुने प्राइभेट लिमिटेड तथा पब्लिक लिमिटेड कम्पनी आगामी असोज १५ गतेदेखि अनलाइन माध्यमबाट दर्ता हुने भएका छन्। कम्पनी दर्ता तथा प्रशासनसम्बन्धी सेवालाई छिटोछरितो, विश्वसनीय तथा प्रविधिमैत्री बनाउन कम्पनी दर्तालाई अनलाइनका माध्यमबाट गर्न लागिएको कम्पनी रजिस्ट्रारको कार्यालयका उपरजिस्ट्रार शेखरबाबू कार्कीले जानकारी दिए।

"नयाँ कम्पनी अनलाइनबाट दर्ता गर्ने व्यवस्था असोज १५ गतेबाट पूर्णरूपमा लागू हुँदैछ। नवीकरण भने केही समय भौतिकरूपमा र त्यसपछि अनलाइनबाटै गर्ने तयारी गरेका छौं," उपरजिस्ट्रार कार्कीले भने। कम्पनी रजिस्ट्रारको कार्यालयले प्रयोग गरिरहेको पुरानो सफ्टवेयर परिवर्तन भएको र नयाँ सफ्टवेयर ल्याएपछि तथ्याङ्क स्थानान्तरण (डाटा माइग्रेसन)का लागि केही समय लाग्ने उनको भनाइ छ। जस कारण नवीकरणका काम भने भौतिकरूपमैं हुनेछन्।

अनलाइनबाट दर्ता हुने कम्पनीले कम्पनीको छाप तथा कम्पनीको तर्फबाट सम्बन्धित कागजातमा हस्ताक्षर गर्न अनुमतिप्राप्त कम्पनीको अध्यक्ष, सञ्चालक वा कम्पनी सचिवको नमूना हस्ताक्षर विद्युतीय सूचना प्रणालीमा उपलब्ध गराउनुपर्नेछ। केही समयका लागि हाल प्रचलनमा रहेको भौतिक कागजात पेश गरी सेवा लिने वा विद्युतीय हस्ताक्षरमार्फत कागजात पेश गरी डिजिटल सेवा लिने भनी विकल्प उपलब्ध गराइने कार्यालयले जनाएको छ।

विद्युतीय हस्ताक्षरमार्फत सेवा माग गर्न इच्छुक कम्पनीले सरकारबाट विद्युतीय हस्ताक्षरको साँचो (कि) लिनुपर्नेछ। चालू आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम र बजेटले कम्पनी दर्तालगायतका काम विद्युतीय माध्यमबाट गर्ने व्यवस्था राखेको थियो।

कागजरहित सरकार (पेपरलेस गभर्नेन्स)को अवधारणालाई मूर्तरूप दिन सरकारका सबै सङ्घीय केन्द्रीय निकायमा क्रमशः एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गर्ने पनि सरकारको योजना छ। त्यस्तै, सार्वजनिक सेवाबापत बुझाउनुपर्ने सबै दस्तुर र सेवा शुल्क 'क्यूआर कोड'लगायत विद्युतीय माध्यमबाट राजस्व खातामा जम्मा गर्न सकिने व्यवस्था मिलाइने पनि वार्षिक बजेटमा उल्लेख छ।



उपल्लो डोल्पाको शे फोक्सुण्डो गाउँपालिका–३ स्थित साल्दाङ गाउँ। तस्बिरः हेमन्त केसी/रासस

## फरक समाचार

# सडकमा रक्सीको बाढी

पोर्चुगलको साओ लोरेन्को डी बैरोको सडकमा दुई लाख लिटर रक्सी बगेको देखेपछि स्थानीयवासी दङ्ग परेका छन्। आइतवार त्यस सानो शहरको





सडकमा रेडवाइन बगेको थियो। मिडिया रिपोर्ट अनुसार लाखौं लिटर रेड वाइन एउटा पहाडबाट बग्दै सडकमा पुगेको थियो। सोको भिडियो अहिले सामाजिक सञ्जालमा भाइरल भएको छ। भनिन्छ, यो रेड वाइन अनादिया क्षेत्रमा स्थित लेविरा डिस्टिलरीको हो। त्यहाँ एउटा वाइन टङ्कीबाट वाइन बोतलमा भर्न राखिएको बेला टयाङ्की फुटेको थियो।

न्युयोर्क पोस्टका अनुसार डिस्टिलरीको दुई लाख लिटरभन्दा बढी वाइनको ब्यारेल भएको टङ्की अचानक फुटेको थियो। दुई लाख लिटरभन्दा बढी वाइन नजीकैको नदीमा बगेको छ। सर्टिमा नदीमा वाइन मिसिन नदिन नदीनजीकैको खेततर्फ वाइनको बाढी मोडिएको थियो।

लेविरा डिस्टिलरीले यस घटनाप्रति माफी मागेको छ। उसले सो क्षेत्रको सफाइ र मरम्मतको जिम्मेवारी लिएको छ।

# भूकम्पभन्दा पहिले देखिने अनौठो प्रकाश

मोरक्कोमा भूकम्पबाट करीब अढाई हजार व्यक्तिको मृत्यु भइसकेको छ भने मृतकको सङ्ख्या लगातार बढ्दै छ। भीषण प्राकृतिक विपत्तिपछि त्यहाँका




अधिकारीहरूले सिसिटिभी फुटेजको समीक्षा गर्ने क्रममा अनौठो प्रकाश देखेका छन्। शक्तिशाली भूकम्पको लगभग तीन मिनेट पहिले शहरका केही घरबाट लिइएको सिसिटिभीमा आकाशमा नीलो प्रकाशको विस्फोट कैद गरिएको छ। यस घटनाको कारण रहस्यमय छ।

टर्कीमा गएको भूकम्पभन्दा पहिले पनि प्रकाशको यस्तो चमक देखिएको थियो। यस वर्षको सुरुआतमा टर्कीमा आएको विनाशकारी भूकम्पमा ४५ हजार व्यक्तिको मृत्यु भएका थियो।

मोरक्कोमा भूकम्पभन्दा पहिले देखिएको नीलो प्रकाशबारे भनिन्छ यो चमक टेक्टोनिक दबाब, वरपरको क्षेत्रमा भूकम्पीय गतिविधि वा ज्वालामुखी विस्फोटसँग सम्बन्धित हुन सक्छ। यद्यपि यस अनौठो घटनाको सटीक कारण अहिलेसम्म वैज्ञानिकरूपले स्थापित गर्न सकेका छैनन्।

जापान, चीन र इटलीमा पनि भूकम्पको दौरान यस प्रकारको चमक देखिएको छ। यस्तो चमक प्रायः भूकम्पीय गतिविधि वा खगोलीय घटनासँग सम्बन्धित हुन्छ। यो हरेक समय प्रकट हुँदैन तर भूकम्पको समय र माथिल्लो केन्द्रको निकटतामा देखिन्छ, जहाँ टेक्टोनिक दबाब सबैभन्दा स्पष्ट हुन्छ। क्यामरामा कैद भूकम्पको प्रकाशको पहिलो रेकर्ड गरिएको उदाहरण सन् १९६५ मा जापानमा भूकम्पको दौरान देखिएको थियो। त्यसपछि सन् २००८ मा चीन, सन् २००९ मा इटली र सन् २०१७ मा मेक्सिकोमा यस प्रकारको घटना देखिएको थियो। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)



# अन्तर्राष्ट्रिय समाचार

## मोरक्को भूकम्प: दुई हजार आठ सयजनाको मृत्यु, सहायता नपाएको पीडितको गुनासो

मौले ब्राहिम, (मोरक्को), २६ भदौ/एएफपी
मोरक्कोमा भूकम्पबाट मृत्यु हुनेको सङ्ख्या दुई हजार आठ सय पुगेको छ भने तीन हजारजना घाइते भएका छन्। अधिकांश भूकम्पपीडितले सरकार तथा अन्य निकायबाट सहायता नपाएको गुनासो गरेका छन्।




भूकम्पबाट आघातग्रस्त घरवारविहीनहरूले आफ्नो ज्यान जोगिए पनि बाँकी जीवन जिउन आफूसँग केही नभएको र गत शुक्रवारदेखि नै खाना र आवासका निम्ति भौंतारिनुपरेको पीडा पोखेका छन्। सरकार वा अन्य सहायता निकायबाट आफूहरूलाई कुनै सहयोग प्राप्त नभएको पनि उनीहरूले बताएका छन्।

भूकम्पबाट अधिक प्रभावित ताफेघते गाउँका एकजना पीडितका अनुसार करीब दुई सयजनाको बसोबास रहेको उनको गाउँका ९० जनाको शव फेला परेको छ भने अन्य हराइरहेका छन्। "यो गाउँका मानिस या त अस्पतालमा छन् वा जीवित छैनन्," बिलौना गर्दै हसन भन्छन्।

भवनका भग्नावशेष सफा गर्ने यान्त्रिक उपकरणको अभावमा खोज जटिल भएको छ। परम्परागत घरका ईँटा र ढुङ्गा बाटामा असरल्ल छन्। हसन आफ्ना काका अझै पनि भग्नावशेषमुनि दबिएका बताउँछन् तर उनलाई जीवितै बाहिर निकाल्ने कुनै आशा छैन।

"हामी यहाँ राज्यले परित्याग गरेको महसूस गरिरहेका छौं, हामीलाई मदत गर्न कोही आएको छैन। हाम्रा घर भत्किएका छन्, अब हामी कहाँ बस्ने ?" एटलस पहाडको अग्लो क्षेत्रमा रहेका गाउँ मिसिरातका भग्नावशेषमाथि उभिएर रोष व्यक्त गर्दै ४३ वर्षीया खादिजा एट्लकिद प्रश्न गर्छिन्।

एक सयभन्दा कमको बसोबास रहेको उनको गाउँपालिकामा १६ जनाको शव फेला परेको भएपनि भग्नावशेषमा पुरिएका पशुचौपाया गन्हाएर स्थानीय वायु नै प्रदूषित भएको छ। मोरक्कोको पर्यटकीय नगर मराकेसभन्दा ७२ किलोमिटर दक्षिणपश्चिममा केन्द्रबिन्दु बनाएर गत शुक्रवार राति ११:११ बजे भएको ६.८ म्याग्निच्युडको भूकम्पको विनाश सबैभन्दा धेरै मराकेसमा नै भएको छ। अल–हौज र ताराउदान्ट प्रान्तका अगादिर, कासाब्लाङ्का, और्जाजाटे, चिचौवा, अजिलाल र युसुफियामा भएको छ।

स्पेन, संयुक्त अधिराज्य र कतारले खोज तथा उद्धारमा सघाउन आआफ्नो टोली परिचालन गरेका छन्। मोरक्कोका उद्धारकर्मीसँगको समन्वयमा उनीहरूले काम गरिरहेका गृह मन्त्रालयले जनाएको छ। सवारीसाधन पुग्न नसक्ने अनकन्टार पहाडी गाउँमा हेलिकप्टरबाट खाद्य सामग्री खसालिएको जनाउँदै गृह मन्त्रालयले यथाशक्य चाँडो सबै पीडितलाई राहत सामग्री उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ।

यसैबीच, युरोपेली सङ्घले मानवीय सहायतास्वरूप एक लाख युरो तत्काल उपलब्ध गराउने घोषणा गरेको छ। यसअघि सन् १९६० को भूकम्पमा परी मोरक्कोमा १५ हजारजनाको मृत्यु भएको थियो। भूकम्पबाट अगादिर नगर तहसनहस भएको थियो। रासस

## उत्तर कोरियाली नेता रूसमा

मस्को, २६ भदौ/एएफपी
उत्तर कोरियाली नेता किम जोङ उन सवार रेल रूसी भूमिमा प्रवेश गरेको रूसी राज्य समाचार समिति रिया नोवोस्तीले जनाएको छ।

नेता किम चढेको रेल उत्तर कोरियाबाट प्रिमोस्र्की क्षेत्रमा प्रवेश गरेको तस्बिर पनि रिया नावोस्तीले सार्वजनिक गरेको छ।

गाढा हरियो डिब्बासहितको उत्तर कोरियाली रेललाई रूसी रेलवे लिकमा तानेको तस्बिरमा देखिन्छ।

दक्षिण कोरियाली रक्षा मन्त्रालयले भने सोमवार नै नेता किमको चढेको रेल रूसी भूमिमा प्रवेश गरेको विश्वास आफूलाई भएको बताएको थियो।

रूसी सञ्चारमाध्यमका अनुसार उत्तर कोरियाली नेता किमले यसै साताको अन्त्यमा आफ्ना समकक्षी भ्लादिमिर पुटिनसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको जनाएका छन्। चार वर्षपछि उनले गरेको पहिलो विदेश भ्रमण हो।

रातभर यात्रा गरेर नेता किम भ्लादिभोस्तोक पुग्न लागेका छन्। सशस्त्र फौजका साथ उनी यात्रामा छन्। उनका साथ वरिष्ठ सैनिक अधिकारी पनि छन्। द्विपक्षीय सैन्य सम्बन्ध तथा हातहतियार आपूर्तिका सम्बन्धमा छलफल गर्न उनीहरूलाई पनि भ्रमण दलमा समावेश गरिएको बताइएको छ।

राष्ट्रपति पुटिन हाल वार्षिक आर्थिक मञ्चमा भाग लिने सिलसिलामा भ्लादिभोस्तोकमा छन्।

प्रतिरक्षा विश्लेषकहरूका अनुसार मस्कोले उत्तर कोरियाबाट हातहतियार र एन्टिटयाङ्क मिसाइलहरू लिएर रूसबाट उपग्रह र आणविक शक्तिबाट सञ्चालन हुने पनडुब्बी प्रविधि चाहेको छ। यद्यपि क्रेमलिनले वैश्विक एवं क्षेत्रीय मामिलामा दुई देशका नेताले वार्ता गर्ने बताएको छ। पश्चिमा प्रतिबन्धबाट पिरोलिएको प्योङयाङले मस्कोसँग खाद्यान्नलगायत अन्य मानवीय सहायताका निम्ति अनुरोध गर्ने बताइएको छ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रूसी सञ्चारमाध्यमलाई दुई नेताले 'संवेदनशील' विषयमा छलफल गर्ने बताएका छन्।

"छिमेकीका रूपमा यो स्पष्ट छ, हाम्रा देशबीच संवेदनशील क्षेत्रमा सहयोग हुन्छ, जुन सार्वजनिक खपतको विषय हुनुहुँदैन। छिमेकी देशका लागि सामान्य हो," उनले भनेका छन्।

दुवै नेताबीचको वार्तामा अमेरिकी चेतावनीको बेवास्ता हुने प्रवक्ता पेस्कोभले पत्रकारहरूलाई बताए। "उत्तर कोरियालगायत हाम्रा छिमेकीसँग हामीले विकास गर्ने सम्बन्धसँग वाशिङ्टनको चेतावनीको कुनै अर्थ छैन।

दुई देशको हितमा त्यो केन्द्रित हुनेछ," वाशिङ्टनले युक्रेन द्वन्द्वका लागि उत्तर कोरियाले मस्कोलाई हतियार उपलब्ध गराएमा प्योङयाङले त्यसको मूल्य चुकाउनुपर्ने अमेरिकी चेतावनीबारेको जिज्ञासाको जवाफमा उनले स्पष्ट गरे। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – चोरभय | वृष – भयचिन्ता |
| मिथुन – विजय | कर्कट – धनखति |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – सफलता |
| धनु – राज्यभय | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे







### सम्पर्कमा आएनन् बालगृह ...

ठहराएको छ। अनुमतिपत्र प्रदान गर्नुअगाडि स्थलगत अवलोकन गरी कानूनमा व्यवस्था भएबमोजिम न्यूनतम मापदण्ड पुगेमा मात्र परिषद्ले अनुमतिपत्र प्रदान गर्दै आएको छ।

परिषद्का सूचना अधिकारी चन्द्रले असार मसान्तसम्म थप ३६ बालगृह थप भएको जानकारी दिए। पहिला बालपरिषद्को अधिकारभित्र समन्वय, सहजीकरण गर्ने रहेकामा हाल थप कारबाही, खारेज गर्नेसम्मको अधिकार प्राप्त भएको जानकारी दिंदै नयाँ बालगृह पनि सोही मापदण्ड अनुसार अनुमतिपत्र प्राप्त गरी सञ्चालन हुने बताए।

आव २०७९/८० सम्म परिषद्ले कुल बालगृहमध्ये १२४ बालगृह अनुगमन गरेकामा दुई बालगृह मापदण्डविपरीतका कारण परिषद्ले बन्द गर्न लगाएको थियो।

परिषद्को पछिल्लो तथ्याङ्क अनुसार हाल नेपालमा ४३ जिल्लामा ४१७ बालगृह सञ्चालनका रहेका छन्। ती बालगृहमा १० हजार ९०५ जना बालबालिकाको संरक्षण र संवर्द्धन हुँदै आएको छ।

सञ्चालनमा रहेका बालगृहलाई नयाँ कानूनी प्रावधान अनुसार परिषद्को अनुमतिपत्र लिनुपर्ने व्यवस्था रहेको छ। परिषद्ले आवश्यकता अनुसार स्थानीय तहको समन्वयमा बालगृहको मापदण्डअनुरूप सञ्चालनमा रहेका छन् छैन भनी अनुगमन गर्ने गरेको छ।

हराएका, बेवारिस फेला परेका बालबालिकाको परिवारको खोजी पहिचान गरी परिवारमा पुनर्मिलन गर्ने, जोखिमपूर्ण श्रममा संलग्न, बेचबिखन तथा ओसारपोसारमा परेका, सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न निश्शुल्क टेलिफोन नं १०४ सञ्चालनमा रहेको र बाल हेल्पलाइन सेवा (१०९८) १८ वटा जिल्लामा विस्तार गरेको छ।

बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आवश्यक मापदण्डमा बालगृहमा बालमैत्री भौतिक पूर्वाधार तथा संरचना हुनुपर्ने, बालगृहमा आवश्यक जनशक्तिको व्यवस्था हुनुपर्ने, बालगृह सञ्चालन गर्न आवश्यक हुने आर्थिक स्रोतको व्यवस्था हुनुपर्ने, बालगृहमा बालबालिकाको भर्ना प्रक्रिया, बालबालिकाको भोजन तथा पोषणसम्बन्धी व्यवस्था, बालबालिकाको स्वास्थ्य र सरसफाइमा ध्यान दिनुपर्ने विषय, शिक्षा, तालीम र अतिरिक्त क्रियाकलापको व्यवस्था गर्नुपर्ने, बालगृहमा बालक्लब गठन, सञ्चालन र बाल सहभागिताको प्रवर्द्धन गर्नुपर्नेलगायत अन्य मापदण्ड पूरा गर्नेपर्ने व्यवस्था रहेको छ।

### नदीजन्य पदार्थको खुलेआम ...

वन कर्मचारी र प्रहरीको मिलेमतोमा हुने गरेको स्थानीयवासीले आरोप लगाएका छन्। स्थानीय तस्करसँग ढुङ्गा, गिट्टी, बालुवा दोब्बर मूल्यमा खरीद गर्नुपरेको पटेर्वासुगौलीका रामजनमप्रसाद थारूले बताए। गिट्टी, बालुवा, ढुङ्गा तस्करसँग किन्दा महँगो पर्ने र समयमैं नआउँदा निर्माण कार्य प्रभावित भएको सखुवाप्रसौनीका प्रभु यादवले बताए।

यस विषयमा डिभिजन वन कार्यालय वीरगंजका प्रमुख सुभाषचन्द्र दासले ढुङ्गा, गिट्टी, बालुवाको तस्करी भइरहेको सूचना पाउनेबित्तिकै वन कर्मचारी पठाउने गरेको बताए।

### बाल सुधारगृहमा विवाद ...

नियन्त्रण गर्न अश्रुग्याँस निरन्तर प्रयोग गरिरहेको तर यो समाचार तयार पारुन्जेलसम्म प्रहरीको नियन्त्रणमा बाल सुधारगृह आउन सकेको छैन।

अहिले सो ठाउँमा ठूलो परिमाणमा प्रहरी तैनाथ गरिएको छ र स्थितिलाई साम्य पार्न प्रयास भइरहेको छ। बाल सुधारगृहमा हाल डेढ सयभन्दा बढी बालबालिका छन्। हालै भक्तपुर बाल सुधारगृहमा तबाही मचाएका बालबालिकामध्ये ५० जनाभन्दा बढीलाई यहाँ ल्याइएको थियो। उनीहरूले नै आज घटना दोहोर्‍याएको बताइएको छ।

### माथिल्लो त्रिशूली–१ जलविद्युत् ...

अतिरिक्त ऊर्जा छिमेकी देशहरूमा निर्यात गरी आर्थिक समृद्धि हासिल गर्न र जलवायु परिवर्तनको असर न्यूनीकरणमा ठूलो योगदान गर्न सकिने बताए।

समारोहमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोग, लगानी बोर्ड, नेपाल, विद्युत् विकास विभागलगायतका उच्चपदस्थ पदाधिकारीहरू, नेपालका लागि दक्षिण कोरियाका महामहिम राजदूत श्री पार्क थियोङ, आयोजनामा ऋण प्रवाह गर्ने संस्थाका प्रतिनिधिहरू, निजी क्षेत्रका ऊर्जा उद्यमीहरूलगायतका उपस्थिति थियो।

आयोजनाको मुख्य निर्माण गत २०७८ पुसदेखि शुरू गरिएको थियो। भूमिगत विद्युत्गृह, मुख्य सुरुङ, बाँधलगायतका सम्पूर्ण संरचनाको निर्माण सबैतिरबाट तीव्र गतिमा भइरहेको छ। आयोजनाको समग्र भौतिक प्रगति २२ प्रतिशत रहेको छ। आयोजनाको बाँध वर्षायाम सकिएपछि निर्माण शुरू गरिने छ।

आयोजना निर्माणमा हाल करीब एक हजार श्रमिक परिचालित छन्। त्यसमध्ये करीब पाँच सय रसुवा जिल्लाका स्थानीय बासिन्दा छन्। आयोजना निर्माण अवधि (पाँच वर्ष)मा एक हजार नेपाली श्रमिकले दैनिकरूपमा रोजगार पाउनेछन्। आयोजना सञ्चालन अवधि (३० वर्ष)मा नियमितरूपमा ८० जनाले रोजगार पाउनेछन्। आयोजना निर्माणका लागि इन्जिनीयरिङ, खरीद र निर्माण मोडलमा कोरियन कम्पनी डुसान एनबेलेटीले काम गरिरहेको छ।

आयोजनाको प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीमा कोरियन सरकारको स्वामित्वमा रहेको कोएन, विश्व बैंक समूह अन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगमलगायतको शेयर लगानी छ। आयोजनाका लागि ७० प्रतिशत ऋण र ३० प्रतिशत इक्विटीबाट जुटाउने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

कुल अनुमानित लागत ६४ करोड ७३ लाख अमेरिकी डलर (निर्माण अवधिको ब्याजसहित) रहेको आयोजनामा नौ अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले ४५ करोड ३२ लाख अमेरिकी डलर लगानी गर्ने सम्झौता गरेका छन्। बाँकी रकम स्वपूँजी (इक्विटी)बाट जुटाइएको छ।

आयोजनाबाट वार्षिकरूपमा एक अर्ब ५३ करोड ३१ लाख युनिट ऊर्जा उत्पादन हुनेछ। आयोजनाबाट उत्पादन हुने कुल वार्षिक ऊर्जामध्ये ३८ दशमलव ७५ प्रतिशत हिउँदयाममा र ६१ दशमलव २५ प्रतिशत वर्षायाममा उत्पादन हुनेछ। उत्पादित ऊर्जा नेपाल विद्युत् प्राधिकरणले निर्माण गरिरहेको त्रिशूली–३ 'बी' हब सबस्टेशनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह हुनेछ। कम्पनी र प्राधिकरणबीच विद्युत् खरीद–बिक्री सम्झौता सम्पन्न भइसकेको छ।

काठमाडौं 'लोड सेन्टर'बाट नजीक रहेको र विद्युत्को अत्यधिक माग हुने हिउँदमा समेत १०४ मेगावाट विद्युत् प्राप्त हुने भएकाले मुलुकको विद्युत् प्रणालीका लागि आयोजना आकर्षक मानिएको छ। आयोजनाबाट वर्षभरि नै १०४ मेगावाट स्थिर (फार्म) ऊर्जा प्राप्त हुनेछ। आयोजनाको निर्माण २०८३ को मङ्सिरभित्र सक्ने लक्ष्य राखिएको छ।

### नेम्वाङ ...

अध्यक्ष माधवकुमार नेपाल, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, पूर्वसभामुख ओनसरी घर्ती, माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ, उपमहासचिव वर्षमान पुन, राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताद्वय पशुपतिशमशेर जबरा र डा प्रकाशचन्द्र लोहनी, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, वामपन्थी नेताहरू सिद्धिलाल सिंह, सिपी गजुरेललगायत श्रद्धाञ्जलिका लागि च्यासल पुगेका थिए।

राष्ट्रपति रामचन्द्र पौडेलका तर्फबाट कानूनी सल्लाहकार बाबुराम कुँवर, प्रेस सल्लाहकार किरण पोखरेल र छोरी अवज्ञा पौडेलले पनि च्यासल पुगेर नेम्वाङलाई श्रद्धाञ्जलि दिई एमाले अध्यक्ष ओलीप्रति समवेदना प्रकट गरेका थिए। एमाले वरिष्ठ उपाध्यक्ष पोखरेल पहिलो संविधानसभा असफल भएपछिको दोस्रो संविधानसभामा पनि नेम्वाङ अध्यक्ष नभएको भए संविधान जारी हुन कठिन हुने टिप्पणी गर्छन्। पोखरेलले भने, "नेम्वाङको कुशल नेतृत्व, हिम्मत र दृढताका कारण संविधान जारी हुन सफल भएको हो।"

पूर्वसभामुख एवं नेकपा (माओवादी केन्द्र)का नेता अग्निप्रसाद सापकोटाले नेम्वाङको पार्थिव शरीरमा श्रद्धाञ्जलि दिएपछि आफ्ना स्मरण सञ्चारकर्मीमाझ पस्कँदै भने, "दुई/दुई पटक संविधानसभाका अध्यक्ष भइसकेका नेता नेम्वाङको निधनबाट नेपाली राजनीतिमा अविस्मरणीय र अतुलनीय योगदान दिने व्यक्तित्व गुमाएका छौं।" उनले नेम्वाङलाई आफूले राजनीतिक नेता र संवैधानिक ज्ञाता मात्र होइन एक बहुआयामिक व्यक्तिका रूपमा बुझ्ने बताए।

नेपाली काङ्ग्रेसका नेता एवं सांसद प्रदीप पौडेलले नेम्वाङ पार्टीगत गुटबन्दी र प्रभावबाट मुक्त रहेको उल्लेख गर्दै भने, "उहाँ विधिको शासनका पक्षधर र समन्वयकारी नेता हुनुहुन्थ्यो।" गत महीना सुन तस्करीको घटनामाथि उच्चस्तरीय छानबीनका लागि उनकै पार्टीले लगातार सङ्घीय संसद्मा बैठक अवरोध गरिरहेका बेला नेम्वाङले यसरी सदन अवरोध गर्ने विषय नियमावलीविरुद्ध भएको सार्वजनिक प्रतिक्रिया दिएपछि उनको साझा व्यक्तित्व झन् उजेलिएको थियो। त्यसको केही दिनपछि प्रमुख दलबीच उक्त विषयमा सहमति भई सदन खुलाउने संयोग पनि बनेको थियो।

नेम्वाङसँग लामो राजनीतिक सहकार्य गरेका नेकपा (एकीकृत समाजवादी)का नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले इलाममा नेम्वाङ र आफूबीच एकै पार्टीमा रहँदा एकले अर्काको निर्वाचन क्षेत्रमा चुनाव प्रचारप्रसारका लागि भाषण गर्न हिंडेको कुरा सबैभन्दा बढी स्मरणीय रहने बताए।

एमाले सचिव गोकर्णराज विष्टले एकअर्काविरुद्ध आरोप नलगाईकन आफ्ना कुरा निर्धक्क राख्न सक्ने र गाली राजनीतिबाट अलग रहेका कमै नेतामध्ये नेम्वाङलाई स्मरण गरे। एमाले संसदीय दलका सचेतक महेश बर्तौलाले नेम्वाङ एमालेका मात्र नभई साझा नेता भएकाले मुलुककै लागि अपुरणीय क्षति भएको बताए।

सोही पार्टीका सांसद सूर्य थापाले नयाँ पीढीलाई राजनीतिमा सधैं प्रोत्साहन गर्ने नेताका रूपमा नेम्वाङलाई सम्झिए भने स्वतन्त्र सांसद डा अमरेशकुमार सिंह नेम्वाङको निधनबाट निष्ठाको राजनीतिमा लामो समय उनको अभाव खड्किने उल्लेख गरे। नेम्वाङप्रति श्रद्धाञ्जलि व्यक्त गर्न एमाले केन्द्रीय कार्यालयमा बुधवार बिहान ९ देखि दिउँसो १ बजेसम्म उनको पार्थिव शरीर राखिनेछ।

### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD637AE73M2E02430, इन्जिन नं DHYRJA257000 भएको प्र.२–०३–००५ प २३१२ नम्बरको टिभिएको कम्पनीको अपाचे १६० सिसीको (सन् २०२१) रातो रङ्गको मोटरसाइकल २०८०/०५/२४ गते बिहान ३–७ बजे मिथिला नगरपालिका–६ ढल्केवरस्थित घर कम्पाउण्डबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो.नं. नम्बर ९८०१२२६६२६ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

-करण पाण्डे क्षत्री
वीरगंज महानगर-३, छपकैया

# पानीको सतह घटेर सुकेका चापाकलमा पानी आउन थाल्यो

ओमप्रकाश चौधरी, सेढवा, २६ भदौ/

साउन र भदौ महीनामा वर्षा बढी भएकोले अहिले भूमिगत पानीको सतह बढेको छ। बोरिङ, चापाकल तथा सुकेका पानीका मुहानबाट पानी आउन थालेका छन्।

ठोरी गााउँपालिका–५ का अध्यक्ष अष्टबहादुर लोप्चनका अनुसार ६० फिटसम्म गहिरो जडान गरिएका बोरिङहरूमा अहिले सजिलै दमकलबाट पानी तान्न सकिएको बताए। जमीनमुनि पानीको सतह बढ्न थालेपछि अहिले सुकेका चापाकलहरूबाट पनि पानी तान्न सकिएको वडाध्यक्ष लोप्चनले बताए। यसभन्दा अगाडि वर्षा नभएर भूमिगत पानीको सतह घट्दा यस क्षेत्रमा दर्जनौं चापाकल सुकेका थिए भन्ने बोरिङहरूबाट पानी तान्न १०/१५ फिट गहिरो इनार खनी दमकल वा समरसेबल जडान गरी पानी तान्नुपरेको वडाध्यक्ष लोप्चनले बताए।


तस्वीरः प्रतीक

यता थरुहट क्षेत्रमा जडान गरिएका धाराहरूमा स्वतः पानी आउन थालेका छन्। १२५ देखि १८० फिट गहिरो जडान गरिएका धाराबाट सामान्य अवस्थामा पानी आउन थालेको स्थानीयले जनाएका छन्। वर्षा नभएर यी सबै धारा सुकेका थिए। त्यस्तै, सुकेका वा पानी कम भएका पानीको मुहानमा पानी बढेका कारण किसानहरू खुशी भएका छन्। किसानहरूले ती पानीका स्रोतलाई परम्परागत तरीकाबाट बाँध बाँधी सिंचाइका लागि सदुपयोग गर्न थालेका छन्। करीब डेढ महीना अगाडि लामो समयसम्म यहाँका चापाकल, मुहानहरू सुकेर पिउने पानीको पनि समस्या भएको थियो।

# ट्राफिक सचेतना कार्यक्रम

प्रस, वीरगंज, २६ भदौ/

सामुदायिक सेवा केन्द्र, छपकैयाले मङ्गलवार सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी जनचेतनामूलक कार्यक्रम गरेको छ।

केन्द्रले मुख्य सडकमा सञ्चालन हुने सवारीसाधनहरूलाई ट्राफिक नियमसम्बन्धी पर्चा वितरण गरेको केन्द्रका अध्यक्ष ग्याँसुद्दीन ठकुराईले बताए।

२५० थान पर्चा मोटरसाइकल, टेम्पो, ईरिक्शा, मिनीबस, जीप, कारका चालकहरूलाई वितरण गरेर सवारीसाधन सञ्चालन गर्दा नियम पालना गर्न सचेत एवं आग्रह गरिएको बताए।


तस्वीरः प्रतीक

कार्यक्रममा केन्द्रका अजितकुमार भुजेल, सामुदायिक प्रहरीका प्रहरी सहायक निरीक्षक ज्ञानबहादुर श्रेष्ठ, प्रहरी हवल्दार देवेन्द्रकुमार पटेललगायतको सहभागिता थियो।

# मोटरसाइकलसहित सालको गोलिया बरामद


तस्वीरः प्रतीक

प्रमोद यादव, पंचगावाँ, २६ भदौ/

सबडिभिजन वन कार्यालय, रङ्गपुरटाँडीले मोटरसाइकलमा लोड गरिएको दुई थान सालको काठ बरामद गरेको छ भने तस्कर फरार भएका छन्।

मङ्गलवार बिहान राष्ट्रिय वनबाट काँचो सालको गोलिया तस्करले मोटरसाइकलमा राखेर देवरिया र निचुटाको चिरानमा लगिरहेको अवस्थामा पटेर्वासुगौली गाउँपालिका–५ देवरिया–फरहदवा सडकखण्डमा वनगस्ती टोलीलाई देखेपछि गोलिया र मोटरसाइकल छाडेर फरार भएका थिए।

जमदार अर्जुन चौधरीको नेतृत्वमा खटिएको वनगस्ती टोलीले ना.२२प ७६४८ नम्बरको मोटरसाइकल र दुईवटा सालको गोलिया (१७ क्युफिट) नियन्त्रणमा लिएको छ।

तस्करको खोजी भइरहेको सबडिभिजन वन कार्यालय, रङ्गपुरका रेन्जर कपिलदेव यादवले बताएका छन्।

# परवानीपुरमा बलभद्रको पूजा

प्रस, परवानीपुर, २६ भदौ/

वीरगंज–२१ लिपनीबिर्ताको परवानीपुरमा बलभद्र पूजा सम्पन्न भएको छ।

कलवार कल्याण समिति, परवानीपुरको आयोजनामा एक दिने पूजा सम्पन्न भएको हो। कलवार जातिको कुलदेवताको रूपमा चिनिने भगवान् कृष्णको प्रतिमा राखी बलभद्र पूजा गरिएको पूजा समितिका मनोज गुप्ताले बताए।

उनले परवानीपुर आसपासका कलवार समुदायले वीरगंजमा गएर पूजा गर्नुपर्दा सास्ती भोग्नुपर्ने भएकोले पोहोरदेखि परवानीपुर बजारमा पूजाको आयोजना गर्न थालिएको बताए। परवानीपुरमा पटेलनगर, परवानीपुर, सुखचैना, लालपर्सा, लिपनी, चैनपुर, बहुअरी, रामपुरटोकनीलगायतका गाउँबाट कलवार स्वजातीयहरूको सहभागिता हुने गर्छ।

पूजाको दिन शोभायात्रा पनि निकालिएको थियो।

श्रीकृष्ण जन्माष्टमीदेखि छठिहारसम्म कलवार जातिले बलभद्र पूजा गर्छन्।

परवानीपुरको पूजामा प्रसौनी गापाका पूर्वअध्यक्ष एवं कलवार कल्याण महासङ्घका केन्द्रीय उपाध्यक्ष


तस्वीरः प्रतीक

भोलाप्रसाद गुप्ता, केन्द्रीय सदस्य सुरेश गुप्ता, परवानीपुर गापा–५ का अध्यक्ष रामेश्वर कलवारलगायतको सहभागिता थियो।

यसैबीच, आज पर्सा, बाराका विभिन्न कृष्ण मन्दिरहरूमा श्रीकृष्ण जन्माष्टमीको पर्व समापन भएको र आज छैटौं दिन छठिहारको भोजको अवसरमा प्रसाद वितरण गरिएको थियो।

# साहित्यकार पराजुलीको निधन

काठमाडौं, २६ भदौ/रासस

साहित्यकार एवं पत्रकार राजेन्द्र पराजुलीको निमोनियका कारण मङ्गलवार ५९ वर्षको उमेरमा निधन भएको छ। उनलाई गएराति छातिमा समस्या भएपछि ललितपुरको ग्वार्कोस्थित बिएन्डबी अस्पतालमा भर्ना गरिएको थियो।

सघन उपचार कक्षमा उपचाररत पराजुलीलाई बिहान ७ बजे चिकित्सकले मृत घोषणा गरेका थिए। उनको आज दिउँसो ३ बजे पशुपति आर्यघाटमा अत्येष्टि गरिएको जनाइएको छ।

आर्थिक मामिलासम्बन्धी पत्रकारिता र सम्पादनमा दखल राख्ने पराजुलीका 'जन्तरमन्तर' 'अघोरी', 'कोटेश्वरको केटो', 'शुक्रराज शास्त्रीको चश्मा', 'अनायिका', 'सपनामा मार्क्स', 'जाडोमा भोक', 'भ्रष्ट संवेदना', 'विकल्प',



'यात्रा'लगायतका कृति प्रकाशित छन्।

# राजकीय सम्मानका साथ नेम्वाङको अन्त्येष्टि गर्ने सरकारको निर्णय

काठमाडौं, २६ भदौ/रासस

सरकारले संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको राजकीय सम्मानका साथ अन्त्येष्टि गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मङ्गलवार बसेको मन्त्रिपरिषद्को बैठकले संविधानसभा अध्यक्षको निधनप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति सरकारले समवेदना प्रकट गरेको छ।

संविधान निर्माण प्रक्रियामा उनले गरेको योगदानप्रति सम्मान प्रकट गर्दै सरकारले राष्ट्रिय सम्मान दिने निर्णय गरेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले जानकारी दिए।

मन्त्री किराँतीका अनुसार सरकारले



उनको अन्त्येष्टिका दिन सार्वजनिक बिदा दिने निर्णय भएको छ। संविधानसभा अध्यक्ष नेम्वाङको आज बिहान निधन भएको हो।


- आत्महत्या कुनै पनि समस्याको समाधान होइन,
- कुनै पनि समस्या र चुनौतीबाट नभागौं, डटेर सामना गरौं,
- सकारात्मक सोच विकसित गरौं, आशावादी बनौं,
- घरपरिवार र आफूमा आश्रित सदस्यको भविष्यबारे विचार पुऱ्याऔं,
- आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड







**मूर्तिमा रङ्ग भर्दै कालिगड** : विश्वकर्मा भगवान्को मूर्तिमा रङ्ग भर्दै पर्साको वीरगंजमा भारतीय कालिगड। तस्वीरः रासस